लुम्बिनी साँस्कृतिक नगरपालिका
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ६ | संख्याः १३ | मितिः २०७९/११/१४ |

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमको लुम्बिनी साँस्कृतिक नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७९ सालको कार्यविधि संख्याः १३

# नगर स्वयंसेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावनाः**

नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक/ धार्मिक विद्यालयहरुमा शून्य शिक्षक दरबन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गरी शिक्षकको मागलाई पूर्ती गर्न नगर स्वयंसेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न नगर स्वयंसेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७९ जारी गरिएको छ।

## परिच्छेद – १

### १. संक्षिप्त नाम र प्रारम्भ

१) यो कार्यविधिको नाम स्वंयसेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७९ रहेको छ र यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्रलाई सम्झनु पर्छ।

ख) "प्राथमिक शिक्षा"भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

ग) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा ६ देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १० सम्म दिइने शिक्षा सम्झनु पर्छ।

ङ) उच्च माध्यामिक शिक्षा भन्नाले कक्षा ११ देखि १२ सम्म दिने शिक्षा सम्झनुपर्छ।

च) "कार्यपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

छ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सम्झनु पर्छ।

ज) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

झ) "छनौट समिति" भन्नाले नियम १८ बमोजिम गठन हुने स्वयंसेवक शिक्षक छनौट समितिलाई सम्झनु पर्छ।

ञ) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०७९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

ट) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ड) "व्यवस्थापन समिति" भन्नाले संघीय शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

ढ) "शाखा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

ण) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृतलाई सम्झनु पर्छ।

त) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद हेर्ने विभागलाई सम्झनु पर्छ।

थ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ।

द) "प्राथमिक स्वयंसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनु पर्छ।

ध) "निम्न माध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ।

न) "माध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ।

प) उच्च माध्यमिक स्वयंसेवक शिक्षा भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको उच्च माध्यमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ।

फ) मदरसा धार्मिक स्वयंसेवक शिक्षा भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त स्वयंसेवक शिक्षक सम्झनुपर्छ।

ब) "विषय विशेषज्ञ" भन्नाले स्वयंसेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ वा नगरपालिकाबाट सूचीकृत भएका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई सम्झनुपर्छ।

भ) "नगरसभा" भन्नाले संघीय कानून बमोजिम गठन भएको लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

## परिच्छेद २

## दरबन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

**स्वयंसेवक शिक्षकको अनुदान कोटा सिर्जना गर्न सक्ने**

१) नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार नगर कार्यपालिकाले बालबिकास, प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक र धार्मिक विद्यालयका विभिन्न तहका स्वयंसेवक शिक्षकहरुको अनुदान कोटा सृजना गर्न सक्नेछ।

२) स्वयंसेवक शिक्षकको कोटा वितरण देहायबमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ।

क) शून्य दरबन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने,

ख) एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने,

ग) विद्यालयमा सञ्चालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने,

घ) आधारभूत तह, माध्यमिक तह र उच्च माध्यमिक तह सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ।

**३. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया**

परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।

**४. स्वयंसेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ**

क) लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गतका सामुदायिक तथा धार्मिक विद्यालयहरुमा शिक्षक संख्या कम भई पठनपाठनमा समस्या परेका विद्यालयहरुलाई नगर कार्यपालिकाको निर्णय अनुसार विद्यालयहरुलाई उपलब्ध गराइएको कोटामा नियुक्ति गरिनेछ।

ख) उपनियम १ बमोजिम उपलब्ध गराइएको कोटामा पछि रिक्त हुन गएमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरुबीच खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ।

**५. स्वयंसेवक शिक्षकको छनौट सम्बन्धी ब्यवस्था** स्वयंसेवक शिक्षक छनौटसम्बन्धी ब्यवस्था देहाय बमोजिम हुनेछः

क) स्वयंसेवक शिक्षक छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई नगरपालिकाको वेभसाइट, नगरपालिकाको सूचनापाटी, वडा कार्यालयहरु तथा सम्बन्धित विद्यालयमा सूचना टाँस गरिनेछ।

ख) स्वयंसेवक शिक्षक नियुक्तिका लागि सूचीकृत विषय विज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी नगरपालिकाले सुरक्षित र गोपनियता साथ राख्नेछ।

ग) योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फाराम भरी नगरपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ।

घ) शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षा पद्धति अनुरुप स्वयंसेवक शिक्षकहरुको छनौट हुनेछ।

ङ) स्वयंसेवक शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा सञ्चालन गरिनेछ।

च) स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्नेः नगरपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त

भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

छ) परीक्षा हुने मिति, समय र केन्द्रः नगर शिक्षा समितिले तोकेको मिति, समय र केन्द्रमा सञ्चालन हुनेछ।

६. **परीक्षाको दस्तुर** : नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ।

७. **सफल उम्मेदवारको सूची प्रकाशन गरिने**

लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूमध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेद्वारहरू थप गरी अन्तर्वार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ।

८. **अन्तर्वार्ता सम्बन्धी व्यवस्था**

१) नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तर्वार्ता उपसमिति गठन गर्न सक्नेछ।

९. **अन्तर्वार्ताको अ**ङ्कः अन्तर्वार्ताको लागि छुट्ट्याइएको तेह्र (१३) अङ्क देहाय बमोजिम दिइनेछः

क) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन, द्वितीय श्रेणीको भए दुई अङ्क मात्र प्रदान गर्ने,

ख) अन्तर्वार्ता वापत बढीमा दश अङ्क, तर अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेदवारलाई ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

१०. **योग्यताक्रम प्रकाशित गर्ने**

क) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ। त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ।

ख) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ।

**११. नियुक्ति दिने**

सिफारिस गरिएको उम्मेद्वारलाई नगरकार्यपालिकाको शिक्षा शाखाबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिनभित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेद्वारले नियुक्ति नलिएमा, वैकल्पिक उम्मेद्वारलाई नियुक्ति गरिने छ ।

**१२. स्वयंसेवक शिक्षक छनौट समिति**

स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति - संयोजक

ख) विषय विशेषज्ञ २ जना - सदस्य

ग) नगर शिक्षा समितिले तोकेको १ जना - सदस्य - नगर शिक्षा समिति भित्रबाट)

घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

आवश्यकताको आधारमा आमन्त्रित सदस्य राख्न सकिने छ ।

**१३. छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ**

क) दरखास्त फारामहरु दर्ता तथा संकलन गर्ने/गराउने

ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने

ग) लिखित परीक्षा सञ्चालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको ब्यवस्था गर्ने

घ) मर्यादित ढंगले लिखित परीक्षा सञ्चालन गर्ने/गराउने

ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने

छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तर्वार्ता लिने

ज) लिखित र अन्तर्वार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

झ) नियुक्तिका लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने

ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने

**१४. स्वयंसेवक शिक्षकको पदस्थापना**

उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा छनोट समितिको

सिफारिसमा नगर शिक्षा समितिको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको नियुक्ति तथा पदस्थापना गरिनेछ।

१५. धार्मिक तथा पूर्व प्राथमिक विद्यालयलाई कार्यपालिकाले तोकेबमोजिम शिक्षण सहयोग अनुदान एकमुष्ठ उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद ३
## विविध

१६. **स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने**

संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा नगर शिक्षा समितिले स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्ने छ।

१७. **प्रचलित कानून लागू हुने**

प्रचलित कानूनमा ब्यवस्था भएका विषयहरुमा सोही बमोजिम हुनेछ।

१८. **अन्तिम व्याख्या**

यो कार्यविधि जारी हुनु अगाडि यस नगरपालिकाबाट स्वयंसेवक शिक्षकको रुपमा नियुक्ति भएका शिक्षक यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिने छ।

१९. **खारेजी** : नगर कार्यपालिकाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ।

आज्ञाले
भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत